| विधेयक संख्या:- | .......... |
|---|---|

# गढीमाई नगरपालिकाको कृषि विधेयक, २०८१

| सभाबाट स्वीकृत मिति:- | २०८१।०३।१० |
|---|---|

**गढीमाई नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**समनपुर, रौतहट**

गढीमाई नगरपालिकाको कृषि विधेयक, २०८१

<u>प्रस्तावना:</u> नेपालको संविधान बमोजिम खाद्य सम्बन्धी हकको संरक्षण गर्दै स्थानीय तहमा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी र कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणलाई व्यवस्थित तवरले कार्यान्वयन गर्दै, कृषि प्रणालीलाई दिगो, आधुनिकिकरण र व्यावसायिकरण गरी समग्र कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन कायम गरी ....कृषि तथा पशुपंक्षी व्यवसायमा आश्रित परिवार तथा समुदायको आर्थिक समृद्धि हासिल गर्नुका साथै कृषि सम्बद्ध संघ संस्था, व्यवसायिक फर्म तथा कम्पनीलगायतका सेवालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम गढीमाई नगरपालिकाको .११. .औं गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १
## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "गढीमाई नगरपालिकाको कृषि ऐन, २०८१" रहेको छ।

(२) यो ऐन नगरसभाबाट पारित भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा –

(क) "प्रमुख" भन्नाले नगरपालिकाको मेयरलाई सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगर पालिकाको उपमेयरलाई सम्झनु पर्छ।

(ग) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ।

(घ) "स्थानीय सरकार" भन्नाले गढीमाई नगरपालिकाका वडाहरु र पालिकामा निर्वाचित जनप्रतिनिधिहरु सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले नगरसभा सम्झनु पर्छ।

(च) "कृषक" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शव्दले निजमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा परिवारका सदस्य समेतलाई जनाउँछ।

(छ) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भई कृषि उत्पादन तथा पशुपंछी पालन [illegible] किसानको समुहलाई सम्झनु पर्छ।

(ज) "कृषि सहकारी" कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तरगत कृषि तथा पशुपंक्षी व्यवसाय गर्ने मूल उद्देश्य राखी दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्दछ।

(झ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनुपर्छ।

(ञ) "पकेट क्षेत्र" भन्नाले नगरपालिकाको आवश्यकता र स्थानीय सम्भाव्यताका आधारमा कृषि र पशुपंक्षीजन्यको व्यवसायिक उत्पादन क्षेत्रलाई सम्झनु पर्छ

श्याम प्रसाद यादव
नगर प्रमुख

(ट) **"स्थानीय कृषि स्रोत व्यक्ति"** भन्नाले कृषि सम्बन्धि व्यवसाय, कृषि सामाग्री आपुर्ति, वा कृषि प्रसारमा संलग्न ग्रामिण कृषि कार्यकर्ता, ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता, कृषि तथा पशुपंक्षी सम्बन्धि अध्ययन गरेका, कृषि तथा पशुपंक्षी क्षेत्रमा तालिम हासिल गरेका, नर्सरी धनी, एग्रोभेट संचालक, कृषि तथा पशुपन्छी सेवाबाट सेवा निवृत कर्मचारी, कृषि सहकारी संचालक, कृषि उद्यमी, व्यवसाय विकास सेवा प्रदायक, वित्तिय सेवा प्रदायक, बिमा सहजकर्ता, आदि जसले आफुले काम गरी अनुभव हासिल गरेका, जानेका बिषयमा कृषक, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई तालिम तथा प्राबिधिक सेवा दिन सक्ने व्यक्तिलाई जनाउने छ ।

(ठ) **"भौचर प्रणाली"**भन्नालेनिजी सेवा प्रदायकलेलक्षित वर्गको माग र आवश्यकताका आधारमा निर्धारित परिमाणको गुणस्तरीय कृषि सामग्री र कृषि प्रसार सेवा उपलब्ध गराए बापत कृषि सामग्रीको मूल्य र सेवा दस्तुरका लागि लक्षित वर्गले उपलब्ध गराएको प्रमाणित कुपनका आधारमा सम्बन्धित कार्यालयले निजीसेवा प्रदायकलाइ रकम उपलब्ध गराउने प्रणाली लाइ बुझिन्छ ।

(ड) **"निजी सेवा प्रदायक"**भन्नाले भौचर प्रणाली अनुरूप लक्षित कृषक वर्गलाइ गुणस्तरीय कृषि सामग्रीर कृषि प्रसार सेवा दिन छनौट भएका कृषिरपशुसेवा प्राविधिकहरूलाइ सम्झनु पर्दछ ।

## परिच्छेद –२

## <u>स्थानीय</u> भुमी, सहकारी, कृषि तथा पशुपंक्षी सम्बन्धी निर्देशक सिद्धान्त

### ३. मार्ग निर्देशनका रुपमा रहने

(१) यस परिच्छेदको दफाहरुमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहनेछन्।

(२) गढीमाई नगरपालिकाले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्धान्तको कार्यान्वयन गर्न आवश्यकता अनुसार संस्थागत संरचना, जनशक्ति एवं श्रोत साधन परिचालन गर्ने गराउनेछ ।

### ४. निर्देशक सिद्धान्त

(१) गढीमाई नगरपालिकाको संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक बिविधताको जगेर्ना गर्दै तुलनात्मक वाली तथा पशुपंक्षीजन्य उपजमा व्यवसायिकरण एवं विशिष्टिकरण गरी खाद्यान्नमा आत्मनिर्भर बनाउन खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्ड अनुसारको दीगो कृषि प्रणाली अपनाउने

(२) समग्र कृषि क्षेत्रको विकास, व्यवसायिकरण र विशिष्टिकरणका लागि सरकारी, सहकारी तथा नीजिक्षेत्रको साझेदारी एवं सहकार्यलाई आत्मसाथ गरी कार्यान्वयन गर्ने, यसका लागि सहकारी खेती, चक्ला वन्दी, करार खेती आदिको प्रोत्साहन गर्ने ।

(३) कृषि क्षेत्रमा रोजगारीका अवसर सृजना गर्न कृषि उद्धमको स्थापना तथा सञ्चालनमा जोड दिई कार्यक्रम सञ्चालन गर्ने, युवा वर्गलाई श्रम सहकारी, कृषि व्यवसाय तथा उद्यमसँग जोडी थप रोजगारीको अवसर सृजना गर्ने ।

(४) कृषिक्षेत्रमा आश्रित महिला तथा पुरुष कृषक, (विपन्न, साना किसान, महिला, दलित, आदिवासी जनजाती तथा युवा वर्ग) लाई कृषि प्रविधिमा पहुँच, कृषि प्रविधि अवलम्वन गर्ने क्षमताको विकास, यस्ता वर्ग मैत्री प्रविधिको विकास र प्रवर्धन गरि कृषिलाई सम्मानजनक पेशा एवं आर्थिक समृद्धिका माध्यमको रुपमा विकास गर्ने

श्याम प्रसाद यादव
नगर प्रमुख

(५) कृषि क्षेत्रमा स्थानीय स्रोतसाधनको सदुपयोगमा जोड दिने र प्रांगारिक उत्पादन तथा वजारीकरणलाई प्रोत्साहन गर्ने । मानव एवं पशुपंक्षी स्वास्थ्यमा हानि पुऱ्याउने रसायन एवं विषादीको प्रयोगलाई निरुत्साहित गर्ने ।

(६) गढीमाई नगरपालिकाबाट कृषि कार्यका लागि वैज्ञानिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने, कृषक एवं कृषि उद्यमीलाई उपलब्ध गराउने सहलगानीलाई व्यवस्थित, पारदर्शी र न्यायोचित वनाउन सोको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धतीलाई व्यवस्थित वनाउने ।

(७) रसायन, विषादी र प्लाष्टिकमा आधारीत उद्योगबाट खाद्य तथा कृषि प्रणालिमा पुऱ्याउने असरबाट मुक्त पार्ने प्रविधि र नियमन व्यवस्था निर्माण गर्ने उद्देश्य हुनेछ ।

(८) गढीमाई नगरपालिकाबाट बजेट कार्यक्रम तर्जुमा गर्दा नै अनुदान, विमा, बजार विस्तार तथा व्यवस्थापन, संघ संस्थाको स्थापना गर्ने उद्देश्य हुनेछ ।

(९) नेपाल सरकारको भू–उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दीगो उपयोग गर्दै संघ, प्रदेश र स्थानीय सरकारको कृषि विकासको रणनीति एवं समग्र विकासको लक्ष्य हासिल गर्न योगदान गर्ने ।

(१०) नगरपालिकाले सामान्य तथा असामान्य दुवै अवस्थाबाट सिर्जना हुनसक्ने खाद्य संकट तथा भोकमरीलाई नियन्त्रण गर्न खाद्य सुरक्षाका सबै प्रवन्धहरु मिलाउने उद्देश्य लिनेछ ।

(११) नगरपालिकाले प्राकृतिक स्रोतको पहुँच तथा लाभको बाँडफाँडमा स्थानीय समुदायको अग्राधिकार सुरक्षित गर्ने व्यवस्था गर्नेछ ।

(१२) कृषि सम्वद्ध प्राकृतिक स्रोतहरुको एकीकृत तथ्यांक, प्रोफायल, अल्पकालीन तथा दीर्घकालीन योजनाहरु बनाइ लागु गर्ने व्यवस्था गर्नेछ ।

(१३) कृषि तथा पशुपंक्षीको रैथाने प्रजाति, स्थानीय ज्ञान तथा पद्धतिहरुको संरक्षण गर्ने व्यवस्था गर्नेछ ।

(१४) स्थानीय आवश्यक्ता र सम्भाव्यता तथा राष्ट्रिय ऐन, नीति, कार्यक्रम र लक्ष्यसँग संयोजन हुने गरी कृषि तथा पशुपंक्षी विकास कार्य सञ्चालन गर्ने व्यवस्था गर्नेछ ।

(१५) स्थानीय समुदाय र अन्य व्यवसायिक तथा गैरसरकारी संस्थाबीच हुने सम्झौताहरुमा स्थानीयको हित संरक्षणका लागि नगरपालिकाले निगरानीको व्यवस्था गर्नेछ ।

(१५) नगरपालिकाले कृषि तथा पशुपंक्षीजन्य सम्पत्तिमा महिलाहरुको हक अधिकार, पहुँच वृद्धि गर्ने नीति तय गर्नुका साथै महिला पुरुषबीच समान कामको समान ज्याला निश्चित गर्ने व्यवस्था मिलाउनेछ ।

(१६) कृषि तथा पशुपंक्षी विकास क्षेत्रमा विभिन्न सरकोरवालाहरुबाट तयार हुने योजना, कार्यक्रम तथा बजेटलाई एकद्वार अभिलेख प्रणालीबाट प्रवाह हुने व्यवस्था गर्नेछ ।

(१६) खाद्य सामग्री तथा सेवाहरुको गुणस्तर नियमित रुपमा कायम राख्न आवश्यक प्रबन्ध मिलाउनेछ ।

(१७) कानुनले तोकेवाहेक अस्वाभाविक रुपमा हुने मूल्य वृद्धि तथा अवमूल्यनलाई नियन्त्रण गर्न आवश्यक प्रवन्ध मिलाउनेछ ।

(१८) कृषि भूमिको संरक्षणलाई प्राथमिकता दिने गरी आवश्यक नीतिरु बनाइ लागु गर्नेछ ।

श्याम प्रसाद यादव
नगर प्रमुख

## परिच्छेद – ३
## कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन तथा नियमन

५. **कृषि प्रसार सेवाको सञ्चालन एवं व्यवस्थापन तथा नियमनका लागी संस्थागत संरचनाः**कृषि प्रसार सेवाको सञ्चालन, व्यवस्थापन र नियमनका लागी गढीमाई नगरपालिकाले यस ऐन मार्फत देहाय वमोजिमको संस्थागत संरचनाको व्यवस्था गर्नेछः

(१) पालिकामा **कृषि तथा पशु शाखा वा सेवाकेन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन**

(क) नगरपालिकामा स्थापना भएका कृषि तथा पशु शाखा वा सेवा केन्द्रलाई व्यवस्थित ढंगले परिचालन गरिनेछ,

(ख) नगरपालिकामा कृषि प्रसार सेवालाई नियमित र प्रभावकारी बनाउन आवश्यक कर्मचारीको दरवन्दी पहिचान गरी नियम अनुसार पदपूर्तिको व्यवस्था गरिनेछ,

(ग) नगरपालिका तथा वडा स्तरमा प्रभावकारी कृषि प्रसार सेवाका लागी आवश्यक संरचनाको व्यवस्था गरिनेछ,

(घ) नगरपालिकाका कृषि तथा पशु विकास शाखाको क्षमता विकासका लागी आवश्यक व्यवस्था गरिनेछ।

(२) **कृषि विकास समितिको गठन तथा परिचालन**

(क) कृषि क्षेत्रको समग्र विकासमा नीति निर्माण, योजना तर्जुमा, कृषि प्रसार सेवामा जवाफदेहिताएवंपारदर्शीता, कार्यान्वयन तथा अनुगमन र समन्वयमा नगरपालिकालाई सहजिकरण गर्न कृषि विकास समितिको गठन गरिने छ,

(ख) कृषि विकास समिति नगरपालिका अन्तरगत, नगरकार्यपालिकाले तोकेको जनप्रतिनिधिको नेतृत्वमा कृषक, सहकारी, नीजिक्षेत्र समेतको प्रतिनिधित्व रहने गरी गठन गरिने छ र सो समितिको सदस्य सचिवका रुपमा सम्वन्धित शाखाको प्रमुख रहनेछ,

(ग) कृषि विकास समितिको संरचना, काम, कर्तव्य र अधिकार नगरपालिकाले तय गरेको कार्यविधि अनुसार हुनेछ।

(३) **वडा तहमा संस्थागत संरचना, सञ्चालन एवं व्यवस्थापन**

(क) कृषि प्रसार सेवा भरपर्दो, कृषक एवं कृषि उद्यमीको माग र आवश्यकता अनुसारको सेवा प्रवाह गर्न, कृषि प्रसार सेवाको पहुँचलाई यस नगरपालिकाको हरेक वडा तथा वस्ती र कृषक समुदायमा विस्तार गर्न वडा तहमा एकीकृत कृषि प्रसार सेवा केन्द्र वा संयन्त्रको स्थापना एवं परिचालन गर्नेछ,

(ख) सेवा केन्द्रको तथा संयन्त्रको प्रभावकारिता, सेवामा विशिष्टिकरण, व्यवसायिकता तथामितव्ययीताका लागि सार्वजनिक, सामुदायिक एवं नीजि क्षेत्रको साझेदारिता एवं सहकार्यको अवधारणा अपनाईनेछ।

(४) कृषक समूह र सहकारीको गठन, दर्ता तथा नविकरण

(क) सहभागीतामूलक कृषि तथा पशुपंक्षी विकास कार्यक्रमको व्यवसायीकता अभिबृद्धि गर्नका लागी क्षेत्रगत तथा विषयगत कृषक समूह र सहकारीको गठनका लागि नगरपालिकाले सहजीकरण गर्नेछ,

(ख) कृषकसमूह तथा सहकारी नियमानुसार नगरपालिकामा दर्ता एवं नविकरण गर्नुपर्नेछ।

६. **स्थानीय कृषि स्रोत व्यक्तिको पहिचान, विकास तथा परिचालन**

(१) नगरपालिकाले रणनैतिकरुपमा प्राथमिकताका साथ प्रवर्धन गर्न चाहेको कृषि उपज मूल्य सृङ्खलामा प्राविधिक सेवा पुऱ्याउन नगरपालिका भित्र रहेका स्थानीय कृषि श्रोत व्यक्तिको पहिचान, क्षमता विकास र आवश्यकता अनुसार परिचालन गर्न सक्नेछ।

(२) स्थानीय कृषि स्रोत व्यक्तिलाई नगरपालिकाको वडा तहमा सार्वजनिक, सामुदायिक नीजि साझेदारी मोडेलमा परिचालन गर्न सकिने छ।

७. **विशिष्टिकृत सेवा एवं भौचर प्रणालीमा आधारित कृषि प्रसार सेवा**

(१) नगरपालिका भित्रका विपन्न तथा साना कृषकलाई कृषि तथा पशुपंक्षी सम्वन्धि लक्षित कार्यक्रम नगरपालिकाले भौचर प्रणाली मार्फत कार्यान्वियन गर्न सक्नेछ।

(२) कृषकको पहिचान गरि वर्गिकरण सहितको किमान परिचय पत्रसोकोआधारमाअनुदानतथासेवासुविधाप्रदानगर्नसकिनेछ।

८. **स्थानीय तहमा श्रोत केन्द्रको स्थापना तथा संचालन**

(१) स्थानीय स्तरमा कृषि प्रविधिको परिक्षण प्रदर्शन र विस्तारका लागि नगरपालिकाले आवश्यकता अनुसार श्रोंत केन्द्रको स्थापना तथा संचालन गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसारको श्रोत केन्द्र संचालनको लागि सार्वजनिक, सामुदायिक र नीजि साझेदारीको अवधारणा अबलम्बन गर्न सक्नेछ।

९. **सूचना तथा प्रचार प्रसार**

(१) नगरपालिकाले कृषकलाई कृषि तथा पशुपंक्षी सम्वन्धी तालिम, प्रविधि, प्राविधिक सेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्वन्धी सूचना उपलब्ध गराउने छ।

(२) कृषि सूचना प्रभावकारी प्रवाहको लागि नगरपालिकाले कृषि तथा पशुपंक्षी सम्वन्धि तथ्यांकको अध्यावधिक, व्यवस्थापन र उपयुक्त सूचना प्रणालीको अवलम्वन गर्नेछ,

(३) उपदफा (१) र (२) बमोजिमको सूचनाको हक उपलब्ध गराउनेछ।

१०. **तथ्याङ्क अभिलेख राख्नु पर्ने**

(१) नगरपालिकामा रहेका कृषि तथा पशुपंक्षी सम्वन्धी निकायले आफ्नो क्षेत्र भित्रको कृषि जमिन, कृषि वाली, फलफूल, तरकारी खेति, नगदेवाली, रैथाने लोपोन्मुख पशुपंक्षी तथा वाली, कृषि उपजको उत्पादन तथा खपत, मलखादको आवश्यक परिमाण , रोग तथा किरा र पशुपंक्षी पालन सम्वन्धी आवश्यक वास्तविक तथ्याङ्कको अभिलेख तयार गरिनेछ।

२) उपदफा (१) बमोजिम सङ्कलित तथ्याङ्कलाई समय समयमा सार्वजनिक तथा अध्यावधिक गर्ने र सरोकारवाला निकायलाई जानकारी गर्ने। यसरी तयार गरिएको तथ्यगत तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी भावि कृषि रणनीति तथा योजना निर्माणमा प्रयोग गरिनेछ।

११. **अनुगमन मूल्याङ्कन सम्बन्धी व्यवस्था:**

(१) यस नगरपालिकामा संचालित कृषि वाली तथा पशुपंक्षी विकास कार्यक्रमबाट तोकिएको प्रतिफल प्राप्तीका लागी र तत्काल क्षेत्रगत रुपमा आईपरेका समस्या समाधानका लागी तोकिएको वा तोकिए बमोजिमको र निजि उद्यमी/कृषक समूह/सहकारीहरुको प्रतिनिधित्व हुने गरी अनुगमन मूल्याङ्कन समिति गठन गरिने छ।

२) उपदफा (१) अनुसार गठन गरिएको अनुगमन मूल्याङ्कन समितिले गरेको सिफारिसलाई यस नगरपालिकाबाट कार्यान्वयन गरिने छ।

३) उपदफा (१) बमोजिम गठित अनुगमन मूल्याङ्कन समितिले तोकिएको मापदण्ड अनुसार काम गर्नु पर्नेछ ।

## परिच्छेद – ४
## सामुहिक तथा करार खेती, पकेट क्षेत्र बिकास तथा सञ्चालन

१२. **सामुहिक तथा सहकारी खेती सम्वन्धि व्यवस्थाः** साना तथा विपन्न कृषकलाई व्यवसायतर्फ उन्मुख गर्न सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ।

१३. **करार खेती सम्वन्धि व्यवस्था**

(१) यस नगरपालिकाले कृषि उत्पादनयोग्य जमिनको उचित सदुपयोग तथा व्यवसायिकरणका लागी प्रचलित कानुन बमोजिम करार खेतीलाई प्रवद्र्धन गर्न सक्नेछ।

(२) नगरपालिका भित्र रहेका पर्ति, ऐलानी जग्गामा कृषि प्रयोजनका लागि प्रयोग तथा करारमा दिन सकिनेछ।

१४. **पकेट क्षेत्र विकास तथा सञ्चालनः** कृषि उपजको उत्पादन तथा उत्पादकत्त्व पहिचान गरि कृषिको व्यवसायीकरण एवं विशिष्टकरणका लागि नगरपालिकाले भौगोलिकरप्राबिधिक सम्भाव्यता र उपयुक्तताको आधारमा कृषि तथा पशुपंक्षी जन्य उत्पादन पकेट क्षेत्रको निर्धारण गरी कार्यक्रम संचालन गर्नेछ।

## परिच्छेद – ५
## कृषि सामग्रीको आपूर्ति, उपयोग र नियमन

१५. **बिऊ, विजन मलखाद तथा जैविक विषादीको सहज उपलब्धता**

(१) नगरपालिकाले जैविक कृषि प्रणाली प्रबर्धन गर्ने छ। कृषकलाई आवश्यक उन्नत नश्ल, विऊ विजन, कृषि औजार, जैविक विषादी, मलखाद, औषधी जस्ता कृषि सामग्रीहरु सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नेछ।

(२) रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुर्‍याउनेछ।

(३) उपदफा (१) बमोजिमका कृषि सामग्रीहरुको गुणस्तर र सहज उपलब्धताको सुनिश्चितताका लागी नगरपालिकाले सेवा प्रदायक निकायहरुको उचित परिचालन, अनुगमन र नियमन गर्नेछ।

४) बिऊ विजन तथा जैविक विषादी र प्राङ्गारिक मलखाद बिक्री वितरणका लागी "कृषि तथा अन्य सहकारी,एग्रोभेट" लाई प्राथमिकता दिईनेछ।

५) पशुपंछी व्यवस्थापनमा मापदण्ड अनुसारको नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन, उपचार तथा महामारी रोग नियन्त्रण, जैविक सुरक्षा तोकिए बमोजिम गरीने छ।

श्याम प्रसाद यादव
नगर प्रमुख

१६. कृषि सामाग्री तथा बीउ बिषादी नियमन

(१) रसायनिक र अनावश्यक रोग किटनाशक बिषादी प्रयोगमा बन्देज गरी जैविक विविधता र कृषि वातावरण संरक्षण गर्न कृषि विकास समितिले अनुगमन मूल्यांकन गरी रसायनिक र अनावश्यक वा अत्याधिक किटनाशक बिषादी बिक्रेता र प्रयोगकर्ता किसानलाई सचेत तथा तोकिएको वा तोकिए बमोजिम सजाय गर्ने सिफारिस गर्न सक्नेछ।

(२) नगरपालिका क्षेत्र भित्र विक्रि वितरण हुने कृषि सामाग्री, बीउ विजन, विषादी, नश्ल आदिको अनुगमन तथा नियमन गर्नेछ।

(३) अनुगमन तथा नियमनका लागि सम्वन्धित विषयको विज्ञ संलग्न गरि अनुगमन समिति वा कार्यदल बनाउन सक्ने छ।

(४) उपदफा (१) र (२) बमोजिम अनुगमन गर्दा कानुन विपरित भए गरेको पाइएमा नगरपालिकाले कानुन बमोजिम दण्ड तथा जरिवाना गर्न सक्ने छ।

## परिच्छेद ५
## भण्डारण, प्रशोधन, प्रदर्शनी स्थल, तथा वजार व्यवस्थापन

१७. कृषि उपजहरुको भण्डारण र प्रशोधन

(१) नगरपालिकाले आपतकालिन अवस्थाका लागी कृषि जन्य वस्तुहरुको उचित भण्डारणको व्यवस्था गर्न सक्नेछ।

(२) रैथाने, लोपोन्मुख तथा स्थानीय परम्परा,संस्कृतिसँग जोडिएका वाली वस्तुको संरक्षण र प्रवर्द्धनका लागी स्थानीय तहमा विउ बैंक, प्रजनन केन्द्र तथा विशेष संरक्षण क्षेत्रको व्यवस्था गर्न सक्नेछ।

(३) कृषि उपजको सहज उपलब्धता र वजारीकरणका लागी सामुदायिक एवं नीजि क्षेत्रको सहभागितामा कृषि उपजको भण्डारणमा सहजीकरण र सहकार्य गर्न सक्नेछ।

(४) कृषकलाई कृषि उपजको उचित मूल्य उपलब्ध गराउन, रोजगारीको अवसर सृजना गर्न कृषि उपजको प्रशोधन सम्वन्धि उद्यमलाई प्रोत्साहन गर्नेछ।

१८. कृषि तथा पशुपंक्षी प्रदर्शनी र व्यापार मेला सञ्चालनः

(१) नगरपालिकाले विभिन्न संघ संस्थाको सहकार्य र समन्वयमा कृषि उपजको संरक्षण, प्रवर्धन, बजारीकरण, कृषकहरुलाई प्रोत्साहन र कृषि प्रविधिको प्रचार प्रसारकालागि स्थानीय स्तरमा कृषि तथा व्यापार मेला, प्रदर्शनी, खाद्य महोत्सव सञ्चालन गर्नेछ।

(२) नगरपालिका भित्र नगरले तोकेको क्षेत्र भित्र कृषि उद्योगग्राम सञ्चालनको व्यवस्था गर्ने।

१९. हाट तथा वजारको व्यवस्था

(१) स्थानीय स्तरमा उत्पादन गरिएका कृषि तथा पशुपंछीजन्य उत्पादनको वजारीकरणका लागि कोशेली घर, हाट वजार, संकलन केन्द्र वा सहकारी सुपथ मुल्यका पसलहरु संचालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तर वस्तु तथा सेवा उपलब्ध गराइनेछ।

श्याम प्रसाद यादव
नगर प्रमुख

(२) उपदफा (१) मा उल्लेखित बजार तथा पसल सञ्चालनमा नीजिक्षेत्र, समुह तथा सहकारीलाई प्रोत्साहन गरिने छ र नगरपालिकाले नीजि, सामुदायिक एवं सार्वजनिक साझेदारीको अवधारण अवलम्बन गर्नेछ ।

(३) नगरपालिकाले कृषि जन्य उपजको निकासी पैठारीको व्यवस्था गर्न सक्नेछ ।

(४) मासु जन्य पदार्थको स्वच्छताको लागि आधुनिक वधशालाको निर्माण, सुदृढिकरण र विस्तारमा जोड दिइनेछ ।

## परिच्छेद ६

## किसानपहिचानवर्गिकरण सहितको किसान परिचय पत्र, अनुदान, विमा, सामाजिक सुरक्षा कोष तथा पेन्सन लगायत सेवा सुबिधा सम्वन्धि व्यवस्था

**२०. किसानको वर्गिकरण**

(१) गढीमाईनगरपालिकाले कार्यविधि वा मापदण्ड निर्धारण गरी कृषकको पहिचान गरि वर्गिकरण सहितको किसान परिचय पत्र उपलब्धका साथ सेवा सुबिधा प्रधान गर्न कार्यविधि निर्माण गरि कार्यन्वायनमा ल्याउनेछ ।

(२) भुमीहिन कृषकलाई भू–उपयोगको मापदण्ड वनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा जमिन उपलव्ध गराई कृषि व्यवसायमा संलग्न गराउन सक्नेछ ।

**२१. अनुदान र सहलगानी सम्बन्धी व्यवस्था**

(१) नगरपालिकाले समग्र कृषि क्षेत्रको विकासका लागी कृषि सामग्री, पूर्वाधार निर्माण, वजारीकरण, प्रविधि सेवाको क्षेत्रमा कृषक र कृषक समुहलाई मापदण्ड बनाई अनुदान वा सहलगानी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित क्षेत्रहरुमा समुह, सहकारी र नीजि क्षेत्रको लागि सहलगानीको व्यवस्था गर्न सकिनेछ ।

(३) माथि उल्लेखित उप–दफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिकाले गरिबीको रेखा मुनी रहेका महिला, दलित जनजाति, भूमिहिन कृषकलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराउन सक्नेछ ।

**२२. विमा सम्बन्धी व्यवस्थाः** (१) कृषि बाली, नगदे बाली, तरकारी खेति, पशुपंक्षी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएको वा तोकिए बमोजिम विमा सुविधा उपलब्ध गराईने छ ।

**२३. कृषि विकास कोष तथा पेन्सनको व्यवस्था**

(१) नगरपालिकाले कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि विशेष कोषको स्थापना तथा सञ्चालन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको कोष परिचालनको लागि कार्यविधि वनाई कृषकलाई विशेष अनुदान, सहलगानीवा कृषकलाई योगदानमा आधारित पेन्सनको व्यवस्था गर्न सकिने छ ।

**२४. कृषि ऋणः** (१) व्यवसायीक कृषक, कृषि उद्यमीलाई सहुलियत व्याजदरमा कृषि ऋण उपलब्ध गराउन बैंक तथा बित्तिय संस्थासँग नगरपालिकाले सहजीकरण गर्न सक्नेछ ।

श्याम प्रसाद यादव
नगर प्रमुख

गढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
... रौतहट
मधेश प्रदेश, नेपाल

## परिच्छेद ७
## कृषि योग्य जमीन व्यवस्थापन

२५. भू व्यवस्थापन योजना तयारी गर्ने ।

२६. मालपोत, नापीलगायतका सेवालाई एकीकृत गर्ने व्यवस्था मिलाउने ।

२७. जग्गा भाडामा लिन दिन सक्ने

(१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा बृद्धि गर्न सहयोग पुर्याउनका लागि कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रवर्धन गर्दै आधुनिक खेति प्रणाली विकाशका लागि गढीमाई नगरपालिकाले जग्गा भाडामा लिने दिने पक्ष विच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्ष बीच करारनामा सझौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिए बमोजिम जमिन भाडा कर उठाइने छ ।

(३) सहकारी/समूह/निजि उद्यमी/सामुदायमा आधारित संस्था वा व्यक्तिहरु मिलेर सामूहिक खेति गर्न चाहेमा स्थानीय तहबाट स्वीकृती लिई खेती गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम खेती गर्ने पक्षहरु र जमिन भाडामा दिने पक्षले कानुन वमोजिम नगरपालिकाले निर्धारित गरेको कर बुझाउनु पर्ने छ ।

(५) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भु उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

(६) नगरपालिका भित्ररहेका खेति योग्य प्रयोगमा आएका निजि/ऐलानि/गुठिका जमीन, बाझो, पर्ति, नदि उकास तथा अन्य सार्वजानिक तथा खाली जग्गालाई चक्लाबन्दि खेति संचालन कार्यविधि बनाएर प्रयोगमा ल्याइने छ ।

(७) नगरपालिका भित्र जग्गाभाडामालिईसंचालनगरिनेसामुहिककरारखेतीका लागि कार्यविधि बनाएर संचालनमा ल्याइन सक्नेछ ।

२८. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन

(१) कीट तथा पशुपंछिको विकासको लागि स्थानीय तहमा उपलब्ध भएका सार्वजनिक जमीन, खर्क वा बाँझो जमीनलाई चरन, खर्कक्षेत्र तोकी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराएवापत नगरपालिकालाई वार्षिक तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमीन बाँझो राखेमा उक्त जमीन स्थानीय तहले तोकिएको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ ।

(४) माथि उपदफाहरुमा जुनसुकै कुरा उल्लेख भएता पनि कुनै किसानाले कृषि योग्य जमीन बाँझो राख्नपाईनेछैन। किसानले जग्गा बँझो राख्नन परोस भन्नका लागी नगरपालिकाले आवश्यक पूर्वाधार निर्माण तथा कस्टम हायरिंग सेवा प्रदान गर्न सक्नेछ।

श्याम प्रसाद यदव
नगर प्रमुख

(५) नगरपालिका क्षेत्र भित्र खुल्ला चरीचरण नियन्त्रणका लागि आवश्यक कार्यविधि बनाइ कान्जि घर बनाइने छ ।

## परिच्छेद –८
## कृषि तथा पशुपंक्षी पालन सम्बन्धि प्राविधिक ज्ञान सीप सूचना प्राप्ती र सिकाई केन्द्र

**२८. सूचना तथा प्रचार प्रसार**

(१) नगरपालिकामा कृषि साक्षरताको व्यवस्था गर्ने ।

(२) कृषि शिक्षाको व्यवस्था गर्ने ।

(३) नगरपालिकाले कृषकहरुलाई कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम, प्रविधि, प्राविधिक टेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।

(४) उपदफा (३) अनुसारको सूचना तथा प्रचार प्रसारका लागि कृषि बालि, तरकारी, फलफूल, नगदेवाली, पशुपंक्षी पालन, माछा पालन सम्बन्धी व्यवहार योग्य पाठ्य सामग्री तयार गर्ने, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत प्रचार प्रसार र बहश/छलफल चलाउने, कृषि उद्यमी ,कृषक समूह तथा सहकारी सम्मिलित गराई "सिकाई कार्यक्रम" प्रत्येक क्षेत्रमा सञ्चालन गर्नुपर्ने छ ।कम्तिमा प्रत्येक वडामा एक वटा कृषि सिकाइ केन्द्र तथा प्रदर्शनी स्थल निजि क्षेत्र वा समूह सहकारी ,उद्धमिहरु बाट संचालनमा ल्याइनेछ ।

३) आवश्यक सूचना कृषकहरुले मागेका बखत नगरपालिकाका विषयगत शाखाहरुले उपलब्ध गराउनु पर्नेछ । यसरी सूचना उपलब्ध नगराइएको पाइएमा तोकिए बमोजिम गर्न सकिने छ ।

**२९. कृषि प्राविधिक जनशक्तिबाट निःशुल्क सेवाको उपलब्धता**

(१) कृषक समूह तथा सहकारीलाई कृषि बाली तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन भएका पकेट क्षेत्रहरुमा नियमित रुपमा स्थलगत प्राविधिक सेवा उपलब्ध गराइने छ साथै विशेष किसिमको सेवा उपलब्ध गराउनु परेमा वा ठुला व्यवसायिक कृषक/उद्यमीको हकमा नियमानुसार शुल्क लाग्नेछ ।

२) उपदफा (१) बमोजिम कृषक समूह तथा सहकारीहरुबाट सेवा माग गरिएमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिमको सेवा उपलब्ध नगराउने कृषि प्राविधिकलाई कृषकहरुले कानूनी कारवाही माग गरी निवेदन दिन सक्नेछन् । यसरी कृषकले निवेदन दिएमा छानविन गरी सेवा प्रदान नगरिएको ठहरिएमा निज प्राविधिक माथि तोकिएको वा तोकिए बमोजिम सजाय हुनेछ ।

४) सामुदायिक कृषि तथा पशुपंक्षी सेवा संरक्षणका लागि प्रचार प्रसार प्राविधिक ज्ञान सीप उपलब्ध गराउन तथा कृषकलाई परामर्श सेवा उपलब्ध गराउन आवश्यक संख्यामा सेवा केन्द्रहरु स्थापना गरिनेछ र वडामा कम्तिमा एक सामुदायिक कृषि तथा पशुपंक्षी सेवा केन्द्र रहने छ । उक्त सेवा केन्द्रको व्यवस्थापन नियमावलीमां तोकिए अनुसार हुने छ ।

५) नगरपालिका भित्र कृषि र पशुपक्षीको प्रवद्र्धन र विकासको लागि सुचना र प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।साथै कृषि तथा पशुपंक्षी बिकासका कार्यक्रमहरुलाइ प्रभावकारी ढंगबाट संचालन गर्न आवश्यक नर्म्स,निर्देशिका,मापदण्ड तथा कार्यविधिहरु बनाइ कार्यान्वयन गर्न सकिनेछ

## परिच्छेद –९
## विविध

श्याम प्रसाद यादव
नगर प्रमुख

३०. **पानी मुहान, पोखरी, नदिनाला, स–साना कूलो संरक्षण :** नगरपालिका भित्र प्राकृतिक रुपमा रहेका पानीका मुहान, पोखरी नदिनाला, परम्परागत कूलो बाँध पैनीको मर्मतसंभार र जिर्णोद्धार गरि सिंचाई तथा खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ। यस्ता सिचाई प्रवर्धनमा बिद्युतीय तथा सौर्य उर्जाको उपयोग मा जोड दिईने छ।

३१. **शहरी कृषि :** नगरपालिका भित्रका शहरी बस्तिमा कौशी बालि खेति तथा करेसाबारी खेतिको लागि नगरपालिकाले प्रोत्साहन गर्ने छ।

३२. **जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण**

(१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकाशमा जोड दिईने छ। प्राकृतिक पहिचान भएका वाली वोट विरुवा तथा विऊ विजनको अनुवंश, जीवको संरक्षण, सम्वर्धन, प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) उपदफा (१) वमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दा र जमीनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्नु पर्नेछ।

३३. **नगरपालिका अन्तर निकाय समन्वय र नियमन तथा निजि क्षेत्र संग सहकार्य**

(१) स्थानीय तहमा रहेका अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम, योजना तथा विकाश निर्माण कार्य सञ्चालन दोहोरो नपर्ने र समन्वय सहित योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ। यस कार्यलाई ब्यबस्थित गर्न कार्यक्रम सहयोग ईकाई गठन गरी सोको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर स्थानीय तह वा प्रदेश तथा अन्य प्रदेश तथा स्थानीय तह संग समन्वय गर्नु आवश्यक भएमा नगरपालिकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ। नगरपालिका भित्र कार्यरत अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम सञ्चालनमा दोहोरो नपर्ने र समन्वय तथा सहकार्यमा योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ। यस प्रकारको समन्व तथा सहकार्यको सहजिकरण नगर कृषि विकास समितिले गर्ने छ।

(३) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर पालिका तथा प्रदेश–प्रदेश वीच समन्वय गर्नु आवश्यक भएमा नगरपालिकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ।

३४. **कृषि पर्यटनः** पर्यटन प्रबर्द्धन हुनेगरी व्यवसायिक कृषि सञ्चालन गर्न नगरपालिकाले प्रोत्साहन गर्नेछ। कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रबर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ। कृषि पर्यटन प्रवर्द्धन गर्न नमुना कृषि पर्यटन स्थल घोषणा गरिने छ

३५. **कृषिवन प्रणालीको विकासः** जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढदो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विषेश वाली तथा फलफुलको खेति विकाश गरि खाद्यान्न, फलफुल तथा नगदेवाली र घाँस खेती विकास गरिनेछ।

३६. **आन्तरिक तथा वाह्य सहयोग लिन सक्नेः** संघिय सरकारको अनुमति लिई स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ। तर नगरपालिकाले यसरी प्राप्त रकम, सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने छ।

३७. **पशुपंक्षी अस्पतालः** नगरपालिका भित्र नगर स्तरिय पशुपंक्षी अस्पताल स्थापना तथा संचालन गर्नेछ।

३८. **कृषिमा अध्ययन, अनुसन्धानमा छात्रवृति तथा पुरस्कारको व्यवस्थाः** नगरपालिका भित्र कृषि तथा पशुपंक्षी सम्बन्धि अध्ययन तथा अनुसन्धान, सिकाइ एवं तालिम केन्द्र आदिको स्थापना र सञ्चालन गरिनेछ

श्याम प्रसाद यदव
नगर प्रमुख

। विभिन्न विषय विज्ञहरुलाई अध्ययन अनुसन्धानका लागि सहयोग गरिनेछ र यस क्षेत्रमा काम गर्ने अनुसन्धानकर्ता, विद्यार्थी, कृषकहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार तथा छात्रवृत्ति प्रदान गरिने छ ।

३९. **कृषक परिचय पत्र र पेन्सन व्यवस्थाः** कृषकको वर्गिकरण अनुसार परिचय पत्र प्रदान गरिने छ । परिचय पत्रको आधारमा कार्यविधि वनाई कृषक पेन्सन कार्यक्रम ल्याईने छ ।

४०. **नियम/कार्यविधि/मापदण्ड/मार्गदर्शन बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियमकार्यविधि/मापदण्ड/मार्गदर्शन/निर्देशिकाबनाई कार्यान्वयन गर्न सक्नेछ।

४१. **प्रचलित कानून बमोजिम हुने:** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४२. **व्याख्या गर्ने अधिकारः** यो ऐनको व्याख्या गर्ने अधिकार यस नगरपालिकामा निहित रहने छ

४३. कृषि ऐनको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका तहमा किसानको गुनासो सुन्ने र गुनासो सम्बोधन गर्ने संयन्त्रलाई प्रभावकारी रुपमा संचालन गर्नेछ।

४४. **संघ, प्रदेश सरकारको ऐनसंग वाझिएमा बाझीएको हदसम्म अमान्य हुने:** यस नगरपालिकावाट तर्जुमा गरिएको यो ऐन संघ र प्रदेशको ऐन सँग बाझिन गएमा बाँझिएको हद सम्म यो ऐनका सम्बन्धित दफाहरु निस्कृय रहने छ ।

४५. **बचाउ तथा खारेजीः** यस नगरपालिकाले कृषि तथा पशुपक्षी सम्बन्धि यस अघि गरेका सम्पुर्ण निर्णयहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ । र यस अघि पारित भएका कार्यविधिहरु यसै ऐन बमोजिम खारेज हुनेछ ।

## अनुसूची –१

### दफा २ को खण्ड (ग) सँग सम्बन्धित

खाद्यान्न वाली,

वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पुष्प

पशुपन्छी तथा पशुपन्क्षी जन्य उत्पादन (मासु,दुध,फुल,हाड,छाला,ऊन)

घाँसेवाली, मत्स्यपालन, च्याउ, मौरी,कफी,तेलहन, दलहन, कपास, जुट, उखु, रबरखेती,काष्ठफल,

गैरकाष्ठ वनपैदावार, कृषि पर्यटन

कृषिका सबै उपक्षेत्रसँग सम्वद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्धोग

खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य बस्तुहरु ।

कृषि तथा पशपंक्षीजन्य व्यवसायी

कृषि फर्म, कृषि फार्म, कृषि कम्पनी, उद्योग ग्राम, विशेष संरक्षण क्षेत्र, भौचर प्रणाली, कृषि पेन्सन